THE EDUCATION STATE

EARLY CHILDHOOD

# संक्रमण: स्कूलमा सकारात्मक शुरुवात

परिवारहरुका लागि जानकारी पत्र

**तपाईं र तपाईंको बच्चा यस वर्ष सहजाउनु (घुलमिल) भएकोले, स्कूल शुरू गर्न अझै धेरै समय लागे जस्तो भएकोछ। स्कूल शुरू गर्नु चुनौतीपूर्ण र रोमाञ्चक दुवै हुन सक्छ, र यो जानकारी पत्रले तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल कार्यक्रमले तपाईं र तपाईंको बच्चाको स्कूल अधिको संक्रमणकालमा साल बित्दै जाँदा कस्तो सहयोग पुर्याउने रहेछ भन्ने बारे केहि जानकारी दिनेछ।**

तपाईंको बच्चाले पहिले नै जीवनमा साना ठूला धेरै संक्रमणकालहरुको अनुभव गरिसकेका छन्। तपाईंको बच्चाले नयाँ/कम परिचित वातावरणमा (उदाहरणका लागी तपाईंहरु छुट्टीमा जाँदा, बच्चारेखदेख केन्द्रमा वा किंडरगार्टनमा शुरु गर्दा, खेल्न पठाउँदा,वा एउटा देखी अर्को गतिविधि वा कार्यक्रममा संक्रमण गर्दैमा पनि) कस्तो प्रतिक्रिया गर्छन त्यसले तपाईंको बच्चाले नयाँ अवस्थामा कस्तो प्रतिकृया गर्लान् र के गरी सबै भन्दा राम्रो सहयोग दिन सकिन्छ भन्ने बारे तस्वीर प्रदान गर्दछ।

## स्कूलमा सकारात्मक शुरुवात किन महत्त्वपूर्ण छ?

सकारात्मक स्कूल  सुरुवातले तपाईंको बच्चालाई संक्रमणकालमा र त्यस पछि राम्रो सिक्ने र भलाईको परिणाम ल्याउने तर्फ लानेछ। त्यसले तपाईंको बच्चाको पढाइ र विकासको निरन्तरता कायम राख्नमा मद्दत गर्दछ र उनीहरूलाई सुरक्षित, विश्वस्त र नयाँ मान्छे र ठाउँहरुमा जोडिएको महसुस गर्न सहयोग गर्दछ।

## विद्यालयमा आफ्नो बच्चा भर्ना गर्ने बारे

धेरैजसो प्राथमिक स्कूलहरुले केटाकेटीहरु स्कूल सुरु गर्नु भन्दा एक वर्ष अघिनै, मे महिनामा भर्ना प्रक्रिया सुरु गर्दछन्। तपाईंले स्कूलमा आफ्नो बच्चा भर्ना गरेपछि, स्कूल अधिको संक्रमणकालका कार्यक्रम र गतिविधिहरूद्वारा स्कूल बारे जान्नकालागी अवसर विस्तार गर्न सक्नुहुन्छ। वर्षको अन्त्य अघिनै सुरु गरेको संक्रमणकाल सबैभन्दा प्रभावकारी हुन्छ र स्कूल शुरु गरेको पहिलो केही दिन सम्म त्यो तन्केर जान्छ।

## स्कूल थाल्नु अधिको सनक्रमणकालका कार्यक्रम र गतिविधिहरू

स्कूल अधिको संक्रमणकालका कार्यक्रम र गतिविधिहरूमा भाग लिनाले तपाईं र तपाईंको बच्चालाई स्कूलमा के कस्तो हुदोँरहेछ भन्ने बारे राम्रो ज्ञान हासिल प्राप्त गर्न मद्दत गर्नेछ र अन्य केटाकेटीहरु संग र स्कूलमा उपस्थित हुने परिवारहरु संग मित्रता स्थापित गर्न मद्दत गर्नेछ।

## संक्रमण प्रशिक्षण र विकास बारे विवरण

तपाईं बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकले *transition learning and development statement* (संक्रमण प्रशिक्षण र विकास विवरण-(संक्रमण विवरण) लेख्नुहनेछ। यो संक्रमण विवरणले तपाईंको बच्चाको रुची, कौशल र क्षमताहरूको संक्षेपिकरण गर्नेछ। यसले व्यक्तिगत आवस्यकता र शिक्षा रणनीति पनि पहिचान गर्नेछ ता कि तपाईंको बच्चाको स्कूलले र तयारी गर्ने शिक्षकले तपाईंको बच्चाको बारेमा चाँडै थाहा पाउनेछन र उपयुक्त सिक्ने र सिकाउने कार्यक्रमको योजना तय गर्नेछन।

यदी तपाईं OSHC *(स्कूल समय बाहिर रेखदेख गर्ने सेवा)* मा आफ्नो बच्चा पठाउने योजना बनाउदै हुनुहुन्छ भने, संक्रमण विवरण OSHC सेवामा पनि दिन सकिन्छ। यो संक्रमण विवरणले OSHC का शिक्षकहरूलाई तपाईंको बच्चाको रुचिहरु बारे योजना बनाउन र प्रारम्भिक बाल्यकाल, विद्यालय र OSHC बीच निरन्तरता कायम राख्न सहयोग गर्दछ।

यो संक्रमण विवरणले तपाईंलाई तपाईंको बच्चाले स्कूल अधिको संक्रमणकाल थालेपछी उनको पढाई बारे बुझ्न, सहयोग पुर्याउन, त्यसबारे संवाद गर्न र उनको पढाई बारे

वकालत गर्न मद्दत गर्नेछ। तपाईंलाई आफ्नो बच्चाको पूरा संक्रमण विवरणको प्रतिलिपि उपलब्ध गराइनेछ।

तपाईंको बच्चाको संक्रमण विवरणमा तपाईंको बच्चाको नाम, जन्म मिती र फोटो हुन्छ, थप तपाईंको नाम र सम्पर्क विवरण सहित आफ्नो बच्चाको केही व्यक्तिगत जानकारी हुन्छ। जहिले सान्दर्भिक हुन्छ, त्यसमा तपाईंको बच्चालाई सहयोग पुर्याउने अन्य प्रारम्भिक बाल्यकाल व्यवसायीकको नाम र सम्पर्क विवरण पनि समावेश हुनेछ।

संक्रमण विवरण सामान्यतया चौथो शत्रमा लेखिन्छन्, तर यदी तपाईंको बच्चामा अशक्तता वा विकासात्मक ढिलाइ छ भने, तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल शिक्षकले संक्रमण विवरण जुन/जुलाई वरिपरि लेख्न सक्छन् ता कि तपाईंको बच्चाको चुनिएको स्कूलले मद्दतका लागी आवश्यकताहरु समावेश गर्न तपाईंसंग कुराकानी प्रारम्भ गर्न सक्छ।

तपाईंको बच्चाका बारेमा तपाईलाई धेरै थाहा हुने भएकाले, विवरण तयार गर्नमा तपाईंको योगदान मूल्यवान छ। तपाईलाई संक्रमण विवरणको एक खण्ड भर्नकालागी निमन्त्रणा गरिनेछ। संक्रमण विवरणको यो खण्ड भर्नाले तपाईं लगायत तपाईको बच्चालाई स्कूलले कसरी मद्दत गर्न सक्छ भन्ने कुरा जान्नलाई मद्दत गर्नेछ ता कि तपाईंहरु दुवैको स्कुलको सुरुवात राम्रो हुनसक्छ।

तपाईंको बच्चाले भर्नु पर्ने एउटा खण्ड पनि हुन्छ (कोही वयस्कको मद्दतमा, त्यो तपाईं हुनसक्नुहुन्छ वा प्रारम्भिक बाल्यकाल शिक्षक)। यो खण्डमा सामान्यतया रेखाचित्र समावेश हुन्छ जसमा तपाईंको बच्चा स्कूल प्रती केमा उत्सुक छन र उनलाई स्कूल सुरु गर्ने बारेमा के बिचार छ भन्ने कुरा रेकर्ड गरिएको हुन्छ।

## तपाईँको बच्चाको स्कूलसंग जानकारी कसरी बाडिन्छ

सन २०१७ देखि, जब संक्रमणको विवरण सम्पन्न गरिन्छ, त्यसलाई बाडिने(आदान प्रदान गरिने)छ र अनलाइन उपकरणको प्रयोग गरेर *insight assessment platform* (मूल्यांकन उपकरण/उपकरणयुक्त अनलाइन मंच)मा भण्डारण गरिनेछ। *insight assessment platform* मा प्रकाशन गरिएका सबै जानकारी अष्ट्रेलिया भित्र सुरक्षित भण्डारण गरिएको छ।

*Insight assessment platform* सबै भिक्टोरियाका सरकारी विद्यालयमा पहिले देखी नै प्रयोगमा छ र तपाईंको बच्चाले सिकाइ र विकासमा सामना गरेका रेकर्ड सिर्जना गर्न विद्यालयलाई अनुमति दिन्छ। केही क्याथोलिक र स्वतन्त्र विद्यालयहरुलाई पनि विद्यालयलाई *insight assessment platform* मार्फत तपाईंको बच्चाको संक्रमण विवरण प्राप्त हुन सक्छ वा तिनीहरूले तपाईंको बच्चाको प्रारम्भिक बाल्यकाल सेवा संस्थाबाट कागजी वा विद्युतीय प्रतिलिपि प्राप्त गर्नेछन।

शिक्षा तथा प्रशिक्षण विभाग (विभाग)ले उसका केही कार्यहरु बाह्य सेवा प्रदायकहरुलाई ठेक्का दिन्छ। जहाँ यो हुन्छ, विभागलाई डाटा सुरक्षाको ब्यवस्था पनि करार प्रक्रियाको रूपमा आवश्यक हुन्छ। विभागले विभागको जानकारीको गोपनीयता अनुपालनलाई सुनिश्चित गर्न *Insight Assessment Platform* को गोपनीयता प्रभाव मूल्यांकन सञ्चालन गरेको छ। www.education.vic.gov.au/Pages/privacypolicy

संक्रमण वक्तव्य र केही विद्यालय भर्ना डाटाको जानकारी अनुगमन र अनुसन्धान उद्देश्यको लागि विभागले प्रयोग गर्न सक्दछ। यो जानकारी तथ्याङ्क फारममा प्रस्तुत हुनेछ (उदाहरणका लागी संख्या र रेखांकन) र व्यक्तिगत बच्चाहरुको नाम खुलाईदैन।

*Insight Assessment Platform* को बारेमा थप जानकारीको लागि, शिक्षा तथा प्रशिक्षण विभागलाई psts@edumail.vic.gov.au मा सम्पर्क गर्नुहोस्।

## थप जानकारीका लागि

www.education.vic.gov.au/transitiontoschool मा हेर्नुहोला।

यो कागजात बिभिन्न भाषाहरुमा अनुवाद गरिएको छ www.education.vic.gov.au/transitiontoschool मा उपलब्ध छ।